# उच्च माध्यमिक शिक्षा परिषद्,
## परीक्षा नियन्त्रण कार्यालय
## सानोठिमी, भक्तपुर

## बैदेशिक शैक्षिक संस्था मार्फत खुला विद्यालय पद्धतिबाट उपाधि प्राप्त गरी समकक्षता लिएका विद्यार्थीहरुको लागि अत्यन्त जरुरी सूचना

उच्च माध्यमिक शिक्षा परिषद्मा २०७२ सालको रजिष्ट्रेशन गराउने अवधिभन्दा पूर्व नै बैदेशिक शैक्षिक संस्था मार्फत खुला विद्यालय पद्धतिबाट शैक्षिक उपाधि प्राप्त गरी उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त गरेका उच्च माध्यमिक विद्यालयहरुमा भर्ना भएका एवं रजिष्ट्रेशनका लागि तोकेको समयावधिभित्र रजिष्ट्रेशन वापतको शुल्क र परीक्षामा सहभागी हुनका लागि तोकिएको समयावधिभित्र परीक्षा आवेदन फारमको शुल्क बैंक दाखिला गराएका विद्यार्थीहरुले पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट समकक्षताको प्रमाणपत्र लिई परिषद्का जिल्लास्थित कार्यालयमा मिति २०७३/०३/१० गतेभित्र रजिष्ट्रेशन तथा परीक्षा आवेदन फारम भरी/भराई बुझाउनु हुन नेपाल सरकार शिक्षामन्त्रालयको २०७३/०२/०५ को कान्तिपुर दैनिकमा प्रकाशित सूचना तथा च.नं. ५८३ मिति २०७३/०१/३१ र च.नं. ६०० मिति २०७३/०२/०६ को पत्र अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधिभित्र फारम बुझाउने परीक्षार्थीहरुको कक्षा ११ को वार्षिक परीक्षा २०७३ असार २९ गतेदेखि काठमाडौं उपत्यकाभित्र परीक्षा केन्द्र निर्धारण गरी परीक्षा संचालन गरिने र सो परीक्षाको समय तालिका २०७३ असार १० गतेपछि प्रकाशित गरिने व्यहोरा जानकारी गराइन्छ । साथै उच्च माध्यमिक शिक्षा परिषद्का सम्पूर्ण जिल्लास्थित कार्यालयहरुले यसै सूचनालाई आधारमानी रजिष्ट्रेशन तथा परीक्षा आवेदन फारम बुझ्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

*- परीक्षा नियन्त्रक*